का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ भदौ २०८१,
बुधबार
4 September, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक २०४ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## सर्वोच्चको एउटा आदेशले
# काठमाडौंका ८० हजार परिवारमा तनाव

काठमाडौं उपत्यकाका १४ वटा नदी किनारमा थप २० मिटरभित्र संरचना बनाउन नपाउने सर्वोच्च अदालतको फैसलापछि ८० हजार बढी परिवार प्रभावित भएको भन्दै संसदमा प्रश्न उठेको हो । सरोकारवालाहरूले बिना अध्ययन फैसला आएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।



सर्वोच्च अदालतको फैसलाको कारण उपत्यकाका १४ वटा नदी किनारमा २० मिटर मापदण्ड थप गर्दा ८० हजार घर परिवारको रुवाबासी भएको छ । कुन अध्ययन गरेर यो फैसला आयो ? नदी नियन्त्रण गर्ने अरु पनि उपाय छन् । साराको बास उठाएर नदी नियन्त्रण गर्न पाइँदैन । यसमा सबैको ध्यानाकर्षण होस् ।

**सन्तोष चालिसे**
**सांसद, नेपाली कांग्रेस**



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १८ भदौ ।

सर्वोच्च अदालतको एउटा आदेशका कारण काठमाडौं उपत्यकाका ८० हजार घर परिवार प्रभावित भएको भन्दै संसदमा यो विषयले प्रवेश पाएको छ ।

काठमाडौं उपत्यकाका १४ वटा नदी किनारमा ४० मिटरभित्र संरचना बनाउन नपाउने सर्वोच्च अदालतको फैसलापछि ८० हजार परिवार प्रभावित भएको भन्दै संसदमा यो विषयले प्रवेश पाएको हो ।

सरोकारवालाहरूले बिना अध्ययन फैसला आएको भन्दै सरकारको ध्यानाकर्षण गरेका छन् ।

गत पुस तीन गते न्यायाधीश आनन्दमोहन भट्टराई र विनोद शर्माको इजलासले गरेको फैसला कार्यान्वयन गर्न काठमाडौं महानगरले हालै एउटा सूचना निकालेपछि यो विषयमाथि सरोकारवालाहरूको चासो गएको हो ।

नेपाली कांग्रेसका सांसद सन्तोष चालिसे अनुसार सर्वोच्च अदालतको आदेशका कारण खाली रहेको जग्गामा घर बनाउन नपाउने र २० मिटर मापदण्ड भित्र रहेका घर पनि अवैध भएपछि ८० हजार परिवारमा रुवाबासी चलेको छ ।

चालिसे काठमाडौं क्षेत्र नम्बर ३ बाट निर्वाचित सांसद हुन् । मंगलबार प्रतिनिधि सभाको बैठकमा विशेष समय लिएर उनले बिना अध्ययन सर्वोच्च अदालतबाट आदेश आएको बताए ।

'उक्त फैसलाको कारण उपत्यकाका १४ वटा नदी किनारमा थप २० मिटर मापदण्ड थप गर्दा ८० हजार घर परिवारको रुवाबासी भएको छ' उनले प्रश्न गरे, 'कुन अध्ययन गरेर यो फैसला आयो ? कसले यो फैसला गर्न लगायो ?'

सांसद चालिसेका अनुसार नदी किनारमा बस्ने उपत्यकाका मानिसहरुलाई बैंकमा राखिएको घर जग्गामा फटाफट पत्र काटेर कि पैसा तिर नभए धितोलाई चेन्ज गर भनिरहेको छ ।

२०६५ सालमा तय भएको मापदण्ड अनुसार २० मिटर जग्गा अधिग्रहण गरिएको थियो । सर्वोच्च अदालतबाट भएको फैसलाबाट थप २० थप भन्नु उचित नभएको प्रभावितहरूको छ । 'नदी नियन्त्रण गर्ने अरु पनि उपाय छन् । साराको बास उठाएर नदी नियन्त्रण गर्न पाइँदैन । यसमा सबैको ध्यानाकर्षण होस्' कांग्रेस सांसद चालिसेले भने ।

२०६५ सालको मापदण्डले बागमती, विष्णुमणि र मनहरा खोलाको मापदण्ड २० मिटर, धोबिलखोलाको पृष्ठ २ मा

## सहकारी छानबिन
# रविलाई दोषी देखाउने प्रयास

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारीको रकम अपचलनमा संलग्नता रहेको वा नरहेको विषयमा किटान गर्ने वा नगर्ने छलफलमा संसदीय छानबिन केन्द्रित भएको छ ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १७ भदौ ।

सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न संसदीय छानबिन समितिले प्रारम्भिक प्रतिवेदन तयार पारेको छ । प्रारम्भिक प्रतिवदनको भाषामाथि समिति सदस्यहरू राय/सुझाव लिइरहेका छन् ।

प्रारम्भिक प्रतिवेदन तयार पारेको सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न संसदीय छानबिन समितिले बुधबार कानुन व्यवसायी, अधिवक्ता लगायतसँग छलफल गर्दैछ । बुधबार दिउँसो दुई बजे सिंहदरवारमा समितिको बैठक बोलाइएको छ ।

समिति सदस्यहरूका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको सहकारीको रकम अपचलनमा संलग्नता रहेको वा नरहेको विषयमा किटान गर्ने वा नगर्ने छलफलमा संसदीय छानबिन केन्द्रित भएको छ । छानबिन समितिले यही भदौ ७ गते लामिछानेसँग सोधपुछ गरेको थियो । समितिले लामिछानेसँग १० घण्टा सोधपुछ गरेको थियो । त्यसपछि नै समिति प्रतिवेदनलाई अन्तिम रुप दिने गृहकार्यमा रहेको छ ।

समिति सदस्यहरूका अनुसार विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा गएको बचत अपचलनमा रवि लामिछानेको संलग्नता रहे/नरहेकोबारे प्राप्त तथ्य/प्रमाणहरूको विश्लेषण भइरहेको छ । प्रारम्भिक प्रतिवेदनमा यो विषयमा दुई अर्थ लाग्ने भाषा र दोषी किटान गर्ने विषय एकसाथ लेखिएको छ ।

छानबिन समितिले सहकारी संस्थाहरूको बचत र ऋण प्रवाहको अवस्थाबारे जानकारी लिएको थियो । सहकारी सञ्चालक, बचतकर्ता र कैयौं सहकारीबाट ऋण लिएको भनिएको गोर्खा मिडिया नेटवर्कका व्यवस्थापकसँग सोधपुछ गरेको थियो ।

समिति सभापति थापाका अनुसार दुई सय वटा सहकारीको नमुनाबाट समग्र सहकारीको समस्यालाई हेर्ने कोसिस गरिएको छ । उनका अनुसार त्यसआधारमा प्रतिवेदन लेखिनेछ ।

गत जेठ १५ गते प्रतिनिधि सभाले सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न एमाले सांसद सूर्य थापाको सभापतित्वमा ७ सदस्यीय छानबिन समिति गठन गरेको थियो ।

समितिले आफ्नो काम जेठ २२ गतेबाट सुरुवात गरेको थियो । तीन महिनाको समय पाएको समितिको म्याद यही भदौ २२ गते सकिँदै थियो । तर, बुधबार मात्रै प्रतिनिधि सभाले छानबिन समितिको म्याद १५ दिन थप गरिदिएको छ ।



सहकारी बचतकर्ताको बचत रकमको सुरक्षाको हेतुले प्राप्त सूचना र तथ्यहरुको थप पुष्टि र त्यसको पनि पुन:पुष्टिको कार्य भइरहेको छ । थप १५ दिन समय भए प्रतिवेदन तयार पार्न सकिन्छ ।

**सूर्यबहादुर थापा**
**सभापति, सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति**

मंगलबार प्रतिनिधिसभाको बैठकमा समितिका सभापति सूर्यबहादुर थापाले राखेको १५ दिन म्याद थपको प्रस्ताव सर्वसम्मतिले पारित भएको छ ।

मंगलबारको बैठकमा समिति सभापति थापाले समितिले सार्वजनिक बिदाको दिन, कार्यालय समय बाहेक बिहान, बेलुका र मध्यरातिसम्म काम गरिरहेको बताए ।

तर काम तीव्र गतिमा गर्दैगर्दा पनि समितिको कार्यावधि भदौ २२ पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सरकार विभिन्न देशहरुसँग 'घरेलु कामदारसम्बन्धी प्रोटोकल'मा हस्ताक्षर गर्ने गृहकार्यमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शतरसिंह भण्डारीले घरेलु महिला कामदारहरुलाई वैदेशिक रोजगारमा सहजीकरण गर्न विभिन्न देशहरुसँग 'घरेलु कामदारसम्बन्धी प्रोटोकल'मा हस्ताक्षर गर्ने गृहकार्य भइरहेको बताएका छन् ।

संसदमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिँदै मन्त्री भण्डारीले महिला कामदारको रोजगारीको अधिकारलाई कार्यान्वयन गर्न श्रम सम्झौता भएका मुलुकसँग छुट्टै प्रोटोकलबारे छलफल चलिरहेको बताए । हाल कतार, यूएई र साउदी अरबलगायतका मुलुकसँग त्यस विषयमा छलफल भइरहेको मन्त्रालयले बताउँदै आएको छ । त्यसमध्ये साउदी अरेबियाले अनिवार्यरुपमा घरेलु कामदारको सम्झौता गर्न चाहेको बताइएको छ ।

संसदीय समितिको निर्देशनका कारण घरेलु काममा जाने र विदेश पुगेका महिला कामदारको श्रम स्वीकृति र पुन: श्रम स्वीकृति बन्द छ । त्यसका कारणले कतिपय महिला बिदामा घर फर्किन र परिवारसँग पुनर्मिलन, सन्तान प्राप्तिजस्ता आधारभूत अधिकारबाट समेत बञ्चित रहेका छन् ।

मन्त्री भण्डारीले महिला कामदारहरुको अधिकार र अन्य पक्ष सुरक्षित बनाउने गरी यसअघि संसदीय समितिहरुले दिएका निर्देशनहरुको आधारमा पृष्ठ २ मा

## कतारका प्रस्तावित राजदूतलाई श्रमिकका समस्याको जिम्मा

**काठमाडौं/रासस-** सांसदहरुले कतार र इरानका लागि प्रस्तावित राजदूत रमेशचन्द्र पौडेललाई कतारमा रहेका श्रमिकको समस्या समाधानलाई पहिलो प्राथमिकता दिन सुझाव दिएका छन् । मंगलबार सिंहदरबारमा बसेको संसदीय सुनुवाइ समितिको संयुक्त बैठकमा पौडेलसँग सांसदहरुले श्रमिकहरुको समस्या बढिरहेको भन्दै समाधानमा जोड दिन सुझाव दिएका हुन् ।

जवाफमा पौडेलले कतारमा रहेका नेपालीको समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । 'कतारमा रहेका श्रमिकहरु समस्यामा छन्, घरेलु कामदारमा गएका महिलाको समस्या उस्तै छ,' उनले भने, 'यी समस्या न्यूनीकरण गर्दै बीमाको व्यवस्था गर्न लागिपर्ने छु ।' तोकिएको जिम्मेवारी पूरा गर्दै मुलुकको अर्थतन्त्र सुधारका लागि पहल गर्ने उनले जानकारी दिए । 'नेपालमा कतारको लगानी भित्र्याउन पहल गर्ने छु,' उनले भने ।

समितिको सभापति इश्वरीदेवी न्यौपानेले नेपालसँग कतार र इरानबीचको सम्बन्ध विस्तारमा देशका प्रतिनिधिको हैसियतले राजदूतको पृष्ठ २ मा

## डा. सिंहको संयोजकत्वमा स्वास्थ्य परीक्षण मापदण्डसम्बन्धी कार्यदल गठन

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले डा. दिपेन्द्ररमण सिंहको संयोजकत्वमा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण मापदण्डबारे अध्ययन गर्न एक कार्यदल गठन गरेको छ । सिंह स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक हुन् । १६ सदस्यीय कार्यदललाई प्रतिवेदन दिन एक महिलाको समय दिइएको छ ।

हाल सम्बन्धित देशको मापदण्डअनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण हुने गरेको छ । तर पछिल्ला महिनाहरुमा कामदारमा मिर्गौला, मानसिकजस्ता पृष्ठ २ मा

# मिसन २०८४ मा केन्द्रित एमाले

सरकारको नेतृत्व गरिरहेको नेकपा एमाले २०८४ मा हुने स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको चुनाव केन्द्रित हुने भएको छ । यसका लागि उसले वार्षिक कार्ययोजना नै बनाएको छ ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ भदौ ।

सरकारको नेतृत्व गरिरहेका नेकपा एमालेले २०८४ मा हुने स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको चुनाव केन्द्रित हुने भएको छ । यसका लागि उसले वार्षिक कार्ययोजना नै बनाएको छ ।

नेकपा एमाले २०८४ को चुनाव केन्द्रित हुने भएको छ । सरकारको नेतृत्व गरिरहेका नेकपा एमालेले २०८४ मा हुने स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको चुनाव केन्द्रित हुने भएको हो । यसका लागि उसले वार्षिक कार्ययोजना नै बनाएको छ ।

वार्षिक कार्ययोजना पोलिटब्युरो बैठकमा प्रस्तुत भएको हो । वार्षिक कार्ययोजनामा सदस्यता विस्तार, संगठन सुदृढीकरण अभियान चलाउने र मिसन २०८४ मा केन्द्रित हुने उल्लेख छ ।

एमाले नेताहरूका अनुसार पोलिटब्युरो बैठकमा 'निर्णायक राष्ट्रिय शक्ति निर्माण'का लागि वार्षिक कार्ययोजना अघि सारिएको हो । मंगलबारको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीले सरकारको कामकारबाही समेत जनतामा लैजाने गरी पार्टी परिचालित हुनुपर्ने बताए ।

गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको सात बुँदे सहमति अनुसार ओली प्रधानमन्त्री भएका हुन् । अर्को स्थानीय तहको चुनाव अगाडि कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री पद हस्तान्तरण गर्ने गरी एमालेले पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१९ भदौ २०८१, बुधबार
4 September 2024, Wednesday

# देशभरका छोटी भन्सार सञ्चालनका लागि पहल भइरहेको छ : गृहमन्त्री लेखक

**कञ्चनपुर/मस–** गृहमन्त्री रमेश लेखकले देशभरका छोटी भन्सार कार्यालय सञ्चालन गर्नका लागि सरकारले पहल गरिरहेको बताएका छन् । कञ्चनपुरको बेलौरी नगरपालिकामा नेपाली कांग्रेसले मंगलबार आयोजना गरेको कार्यक्रममा द्वन्द्वका बेला बन्द भएका देशभरका छोटी भन्सार कार्यालय पुन:सञ्चालन गर्नका लागि सरकारले पहल गरिरहेको बताए ।



'बेलौरीमा रहेको भन्सार कार्यालयमा धनगढीबाट मानिस आएर भन्सार उठाउने काम चइरहेको छ,' गृहमन्त्री लेखकले भने, 'द्वन्द्वका बेला बन्द भएका भन्सार कार्यालय पुन:सञ्चालन गर्नका लागि पहल भइरहेको छ ।' उनले भारततर्फ भन्सार कार्यालय नभएकाले चुनौती भए पनि छोटी भन्सार सञ्चालन गर्नका लागि प्रयास गरिरहेको बताए ।

'जुन ठाउँमा भन्सारको कार्यालय छ, जग्गा छ ती छोटी भन्सारलाई सञ्चालन गरौँ भनेको छु,' उनले भने, 'यहाँमात्रै नभई द्वन्द्वका बेला बन्द भएका देशभरका छोटी भन्सार कार्यालय सञ्चालनका लागि लागिरहेका छौँ ।'

मन्त्री लेखकले देशमा स्थायी सरकार निर्माणगरी सुशासन कायम राख्न दुई ठूला दल मिलेको बताउँदै एमाले र कांग्रेसबीच भएको सातबुँदे सहमति कार्यान्वयनमा कुनै शंका नर्गन आग्रह गरे । 'तीन/तीन महिनामा प्रधानमन्त्री र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने अवस्थाको अन्त्य गर्नका लागि यो समीकरण बनेको हो,' लेखकले भने, 'मुलुकमा विशेष अवस्था सिर्जना भएको हुँदा राम्रो दिशा दिनका लागि दुई ठूला दल मिलेका हौं ।'

उनले देशमा हरेक परिवर्तनमा दुई ठूला दल मिलेको इतिहास रहेको स्मरण गर्दै स्थायी सरकार निर्माणपछि देशमा विकास र सुशासन कायम हुने बताए ।

# नेपाल नेत्रज्योति संघले एसियामै छुट्टै पहिचान बनाउँदै

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ भदौ

नेपालकै सब भन्दा पुरानो संस्थाको रुपमा रहेको नेपाल नेत्रज्योति संघले आँखाको क्षेत्रमा निकै अगाडि फर्को मागेको छ ।

'हामो कर्तव्य हामो जिम्मेवारी, आँखा सेवामा सबैको साझेदारी' भन्ने मूल नारालाई अगाडि बढेको संस्थाले आरएएपी सर्वेक्षण पुस्तिका विमोचन गरेको छ । मधेश प्रदेशको मुख्यमन्त्री सतिश कुमार सिंहको प्रमुख अतिथिमा उक्त पुस्तिका विमोचन गरिएको हो ।

कार्यक्रमको अध्यक्षता नेपाल नेत्रज्योति संघ मधेश प्रदेशका सभापति रविन्दलाल चौधरीले गरेका थिए । कार्यक्रममा विशिष्ठ अतिथिको रुपमा प्रोफेसर डाक्टर चेतराज पनत, विशिष्ठ अतिथि श्याम कुमार पोखरेल, गौर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष विजय कुमार सिंह लगायतको उपस्थिति रहेको थियो । नेपाल नेत्रज्योति संघले आगामी दिनमा स्थानीय सरकारदेखि सिंहदरबारसम्मको साथ र सहयोगमा नेपालभर शिविर सञ्चालन गर्ने, विद्यालय आँखा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको सो अवसरमा जानकारी गराइएको थियो ।




# वन अतिक्रमणमा शून्य सहनशीलताको नीतिअनुसार काम गर्न मुख्यमन्त्री सिंहको निर्देशन

**धनुषाधाम/मस–** मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले वन अतिक्रमणमा शून्य सहनशीलताको नीतिअनुसार काम गर्न प्रदेशका डिभिजनल वन अधिकृतहरूलाई निर्देशन दिएका छन् ।

जनकपुरधाममा मंगलबार भएको छलफल तथा भेटघाट कार्यक्रममा उनले प्रदेशअन्तर्गतका आठ वटै जिल्लाका डिभिजन वन कार्यालय प्रमुख एवम् डिभिजनल वन अधिकृतलाई वनसम्बन्धी मुद्दाका सन्दर्भमा देखिएका समस्या समाधानका लागि योजनाबद्ध रूपमा अगाडि बढ्न आग्रह गरे ।

मुख्यमन्त्री सिंहले कानूनीरूपमा केही समस्या देखिएकाले त्यसको निरुपणका लागि सरकारले पहल गरिरहेको र हाल आफ्नो क्षेत्राधिकारमा रहेर समस्या समाधानमा केन्द्रित हुन सम्बद्ध अधिकारीलाई निर्देशन दिए । उनले भने, 'देशमा तीन तहका सरकार छन्, कानुनी रूपमा केही समस्या देखिएका भन्दै कर्मचारीले प्रभावकारी काम गर्न नसकेका बारेमा हामी जानकार छौँ । सरकार भनेको देशमा रहेका तीनवटै तहका सरकार हुन्, त्यसैले प्रदेश सरकार मातहतका डिभिजनल वन अधिकृतले पनि नेपाल सरकारलाई प्राप्त अधिकारको अभ्यास र प्रयोग गर्नेतिर लाग्नुपर्छ ।'



मुख्यमन्त्री सिंहले मधेश प्रदेशको प्रशासनिक सीमाभित्र रहेको वनक्षेत्रमा बागमती प्रदेशतर्फबाट अतिक्रमण भइरहेको गुनासा आएकाले त्यसरी बसाइएका बस्ती तथा अन्य प्रयोजनका लागि बनाइएका संरचना खाली गराउन निर्देशन दिए ।

मधेश प्रदेशको भूगोलमा रहेको बारा र रौतहटमा पर्ने वनक्षेत्रमा बागमती प्रदेशको मकवानपुर जिल्लाअन्तर्गत पर्ने बकैया गाउँपालिकाका तीन वटा वडा दाबी गरिएका छन् । यहाँ बाराको निजगढ नगरपालिकाका- १०, १२ र १३ तथा रौतहटको चन्द्रपुर नगरपालिकाका-२ र ३ मा मकवानपुर स्थित बकैया गाउँपालिकाका–१, २ र ७ रहेका छन् । तीमध्ये वडा नं २ र ७ का कार्यालय मधेश प्रदेशकै वन क्षेत्रमा सञ्चालन भइरहेका त्यस अवसरमा जानकारी दिइयो ।

मुख्यमन्त्री सिंहले चुरे क्षेत्रको वन संरक्षण गर्दै वृक्षरोपणमार्फत हरियाली प्रवर्द्धन तथा त्यसलाई रोजगारीसँग जोड्ने कार्यक्रम तय गर्नसमेत निर्देशन दिए ।

छलफलमा वन तथा वातावरणमन्त्री त्रिभुवन साह, डिभिजनल वन अधिकृत धनुषाका विनोद सिंह, महोत्तरीका अजय मिश्र, सिरहाका शैलेन्द्रमोहन मिश्र, सर्लाहीका सन्तोषकुमार झा, रौतहटका हेमन्त साह, बाराका राजीव झा, पर्साका मन्जुर अहमद र सप्तरीका सुभास दासलगायत उपस्थित थिए ।

# शिक्षक महासंघ वीरगञ्ज महानगरसँग समन्वय गरेर अघि बढ्ने

**महमद सदाब/मध्यान्ह**
काठमाडौं, १८ भदौ

दरबन्दी मिलानमा असहमति राख्दै आएको नेपाल शिक्षक महासंघले वीरगञ्ज महानगरसँग समन्वय गरेर अघि बढ्न तयार भएको छ ।

महानगरपालिका र शिक्षक महासंघका प्रतिनिधिहरुबीच छलफल भएसँगै महानगरको शैक्षिक वातावरणमा कुनै पनि असर नपार्ने गरी आफुहरु महानगरको उद्देश्य अनुरुप अघि बढ्न तयार भएको जनाएको हो ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शिक्षकहरुलाई कुनै समस्या भए सम्बोधन गर्न आफू तयार रहेको बताए ।

कुनै त्रुटी भए सच्याउन आफू सँधै तयार रहेको भन्दै उनले त्यसका लागि शिक्षकहरु पनि आन्दोलन छाडेर छलफलमा आउनुपर्ने बताए ।

यस्तै महानगरपालिकाका उप-प्रमुख इम्तियाज आलमले शिक्षकहरुले आफ्ना समस्या सम्बन्धित स्थानमा राख्नुपर्नेमा शैक्षिक वातावरण नै विगार्ने गरी वक्तव्य गर्दै हिँड्नु शोभनीय नभएको भन्दै आउँदा दिनमा यस्ता कमजोरी आउन नदिन सचेत गराए । उनले शिक्षकहरु आफ्नै परिवारका भएकाले उनीहरुको समस्या आफ्नो पनि समस्या रहेको भन्दै छलफलमार्फत नै समाधान निस्कने विश्वास दिलाए ।



'तपाईहरुको समस्या तपाईहरुको मात्रै हैन हाम्रो पनि हो, समस्या समाधानमा हामी गम्भीर छौं, 'तर यहाँ आएर छलफल गर्नुको सट्टा बाहिर बाहिर वक्तव्यबाजी गर्दै हिँड्दा समस्या कहाँ सुल्झन्छ र ?' उनले प्रश्न गरे । स्थानीय सरकारले गरेको निर्णय कार्यान्वयन गर्दै खटाइएको स्थानमा गएर शैक्षिक कृयाकलाप अघि बढाउनु शिक्षकहरुको दायित्व भएको पनि उनले स्पष्ट पारे ।

शैक्षिक प्रशासन महाशाखा प्रमुख अरबिन्द लाल कर्णले शिक्षकहरुको मानसम्मानमा आघात नपुग्ने गरी निर्णय गरिएको र यसमा पनि कुनै समस्या रहेको भए आफुहरु सच्चाउन तयार रहेको बताए । शिक्षा समितिको निर्णय बमोजिम नै दरबन्दी मिलानको काम गरिएकाले त्यसमा अप्ठ्यारा परेका शिक्षकहरुले आफ्नो असहमति खुलाएर महाशाखालाई जानकारी गराए पुनरावलोकनका लागि समितिमा लैजान आफू सँधै तयार रहेको उनले बताए ।

छलफलमा शिक्षक महासंघका नगर समिति अध्यक्ष प्रदीप जयसवालले आफु र आफ्ना शिक्षक साथीहरुको समस्या समयमै सम्बोधन नहुँदा आफुहरु विभिन्न ठाउँमा दौडन बाध्य भएको बताए । वास्तविक समस्यामा परेका शिक्षकहरुको माग सम्बोधन गर्न महानगर तयार देखिएकाले बाँकी असहमतिका कुराहरु आपसी समन्वयमा समाधान गर्न आफुहरू तयार भएको उनले बताए ।

छलफलमा महासंघका महानगर सचिव सुमु प्रसाद सोनार (सन्तोष), विजय यादब लगायतको शिक्षकहरु को सहभागिता रहेको थियो ।

## अदालतको...

मापदण्ड ९ मिटर, नख्खु खोलाको १२ मिटर निर्धारण गरेको थियो ।

काठमाडौं महानगरपालिकाका अनुसार त्यसबेला बल्खु कर्मनासा, कोइकु, साङ्ले र महादेव खोलाको १० मिटर, करखुसी खोलाको ६ मिटर, टुकुचा, सामाखुशी र उपत्यकामा बग्ने अरु खोलामा ४ मिटर कायम गरेको थियो ।

पछिल्लो समय सर्वोच्च अदालतले थपिएको समेत मापदण्डभित्रका दूरीभित्र कुनै संरचना निर्माणको अनुमति प्रदान नगर्न र नक्सा पास नगर्न अदालतले आदेश दिएको हो । यस्तो फैसला सर्वोच्च अदालतबाट हालै भएको हो ।

खाली रहेको जग्गामा घर बनाउन नपाउने र भएको घर पनि अवैध भएपछि ८० हजार परिवारको रुवाबासी भएको भन्दै कांग्रेस सांसद चालिसेले संसदमै यो विषय प्रवेश गराएका हुन् ।

## सहकारी...

गते समाप्त हुन लागेकाले धेरै काम बाँकी रहने बताए ।

सहकारी बचतकर्ताको बचत रकम सुरक्षाका हेतु प्राप्त सूचना र तथ्यहरुको थप पुष्टि र पुनर्पुष्टि समेतका कार्य गर्न समय अपर्याप्त भएको हुँदा थप समय माग गर्ने भनेर समितिको बैठकबाट निर्णय समेत भएको बताए । यसआधारमा १५ दिन समय थप गरिदिन थापाले प्रतिनिधिसभा समक्ष प्रस्ताव राखेका थिए ।

उनले भनेका छन्, 'सहकारी बचतकर्ताको बचत रकमको सुरक्षाको हेतुले प्राप्त सूचना र तथ्यहरुको थप पुष्टि र त्यसको पनि पुन:पुष्टिको कार्य भइरहेको छ । थप १५ दिन समय भए प्रतिवेदन तयार पार्न सकिन्छ ।'

थापा नेतृत्वको समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र दिलेन्द्रप्रसाद बडू, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपाबाट ध्रुवबहादुर प्रधान रहेका छन् ।

## सरकार ...

छलफल भइरहेको जवाफमा उल्लेख गरेका छन् ।

श्रम स्वीकृति लिएर संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत जाने महिला कामदाहरुको हकमा श्रम सम्झौता विपरीतका कार्यहरु भएमा म्यानपावर कम्पनीलाई जिम्मेवार बनाइरहेको भन्दै मन्त्री भण्डारीले वैदेशिक रोजगारमा जाने महिला कामदारका सम्बन्धमा मन्त्रालय अत्यन्तै संवेदनशील रहेको बताए ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले वैदेशिक रोजगारमा रहेका कामदारको सुरक्षाबारे मन्त्री भण्डारीलाई लिखित प्रश्न सोधेका थिए । जवाफमा मन्त्री भण्डारीले वैदेशिक रोजगारका क्रममा समस्यामा परेका कामदार हरुको समस्या समाधानका लागि सम्बन्धित देशमा रहेको नेपाली दूतावासमार्फत राहत तथा उद्धार भइरहेको बताए । मन्त्री भण्डारीले २४ घण्टा नै सञ्चालन हुने कल सेन्टरमा उजुरी र गुनासो लिनेदेखि वैदेशिक रोजगारका क्रममा स्वदेशमा समस्यामा पर्नेहरुको सहायताका लागि सुरक्षाकर्मीसहित ऱ्यापिड रेस्पोन्स टिम खडा गरिएको बताए ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारमा जान चाहने महिलाहरुका लागि पूर्वप्रस्थान अभिमुखीकरण तालिम नि:शुल्क दिने व्यवस्था मिलाइएको भन्दै ठगी उजुरीमा वैदेशिक रोजगार विभागले गुनासाका प्रकृतिका आधारमा पक्राउ पुर्जी जारी गरेर कानूनी कारबाही भइरहेको जानकारी दिए ।

गत चैतसम्म ४ हजार ८ सय ५७ वटा उजुरी परेको र तीमध्ये २ हजार ४ सय १४ उजुरीमा पीडितलाई क्षतिपूर्ति दिइ फरफारक गरिएको जानकारी दिँदै मन्त्री भण्डारीले वैदेशिक रोजगार ठगीसम्बन्धी उजुरी निरन्तर बढेको र ठगी प्रमाणित हुने, प्रमाण नहुने अवस्था देखिएको जानकारी दिए । मन्त्री भण्डारीले गत वर्ष भएको श्रम स्वीकृतिका आधारमा हाल सरदार दैनिक २ हजार १ सय १३ जना वैदेशिक रोजगारीमा गइरहेको बताए ।

अनुमति प्राप्त श्रम गन्तव्य मुलुकमा जुनसुकै भिसाबाट गएर काम गरिरहेका नेपालीलाई गत २०२४ मे ३० तारिकसम्म विदेशस्थित नेपाली कूटनीतिक नियोगमार्फत एक पटकका लागि वैधानिकीकरण गरी श्रम स्वीकृति दिने गरिएको बताए । त्यसरी श्रम स्वीकृति पाउनेले वैदेशिक रोजगार बोर्ड र बीमा कम्पनीले दिने सुविधा पाउनेछन् ।

मन्त्री भण्डारीले स्वदेशमा रोजगारी सिर्जनाका लागि २०८१ देखि २०९० सम्म आन्तरिक रोजगारी अभियान दशक घोषणा गरी काम भइरहेको र सोहीअनुसार केही महिनाअघि सात वटै प्रदेशमा श्रमाधान रोजगार मेला सञ्चालन गरिएको जानकारी दिए ।

## कतारका...

भूमिका महत्वपूर्ण हुने बताइन् । सांसद महेशकुमार बर्तौलाले कतारमा रहेका श्रमिकहरुले श्रम सम्झौता भएबमोजिम सुविधा पाए नपाएको अध्ययन गरेर समस्या समाधान गर्न पौडेललाई सुझाव दिए । 'चार लाख नेपाली कतारमा श्रमका लागि गएका छन्, कतिले समस्या भोगिरहेका छन् । उनीहरुको समस्या समाधान पहिलो प्रथामिकतामा राख्नुस्,' उनले भने ।

अर्का सांसद लीलानाथ श्रेष्ठले कतारमा मृत्युवरण गर्ने नेपाली श्रमिकको शवसमेत नेपाल ल्याउन गाह्रो भएकाले उक्त समस्या समाधान गर्नुपर्ने सुझाव दिए । सांसद जगप्रसाद शर्माले तेल र ग्याँसबाट कतार, इरान धनी भइरहेकाले त्यहाँको सिकाइ र प्रविधि मुलुकमा भित्र्याउन सके अर्थतन्त्रमा सुधार ल्याउन सहयोग पुग्ने बताए । सांसद ज्ञानेन्द्रबहादुर कार्की, इश्वरी घर्ती, श्यामप्रसाद घिमिरेले कतारमा देखिएको श्रम समस्या समाधान, लगानी भित्र्याउन पहल, स्वदेशी वस्तु निर्यात प्रवर्द्धनका लागि पहल गर्नुपर्ने सुझाव दिए ।

## डा. सिंहको...

समस्या बढेका छन् । मन्त्रालयका सहायक प्रवक्ता कविराज उप्रेतीले कार्यदललाई स्वास्थ्य समस्याहरुको बस्तुनिष्ठ अध्ययन गरी अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रतिवेदन दिने कार्यादेश रहेको बताएका छन् ।

## मिसन...

सत्ता सहकार्य गरेको हो । शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाएर चुनाव केन्द्रित हुने तयारीमा रहेको एमालेल अहिले देखि नै जनतासँगको सम्बन्ध बलियो बनाउने नीति लिएको हो ।

२०८४ को चुनावबाट शक्तिशाली पहिलो पार्टी बन्नका लागि एमालेले सदस्यता संख्या १० लाख पुऱ्याउने भनेको छ । यो मिसन २०८२ भित्रै पूरा गर्ने भनिएको छ ।

नियमित अधिवेशन गरेर पार्टीमा नेताहरूलाई चलायमान बनाइरहने नीति एमालेले लिने भएको छ । जिम्मेवारी नपाएकाहरूलाई जिम्मेवारी दिएर पार्टीप्रति प्रतिवद्ध गराउने एमालेको योजना छ ।

पदाधिकारीहरूको पनि मुल्यांकन गर्ने र त्यसआधारमा जिम्मेवारीमा थपघट गर्ने भनिएको छ ।

कार्यकर्तालाई नियतिम प्रशिक्षित गर्ने, सरकार र जनप्रतिनिधि जनतामा जाने गरी परिचालित हुने भनिएको छ ।

# तिजको अवसरमा कैदी महिलालाई चुरा, पोते र सिन्दुर

**पिन्टु यादव/मध्यान्ह**
राजविराज, १८ भदौ

माइती आँगनको खुला चौरमा स्वतन्त्ररुपमा आफ्नो मनका पीडाहरु र भोगेका बेदनालाई गीत-नृत्यमार्फत व्यक्त गर्दै संघर्षको प्रतिकका रुपमा मनाइने हरितालिका तिजको अवसरमा राजविराजका महिलाहरुले जेल जीवन बताइरहेका कैदी महिलाहरुसँग खुशियाली बाँडेका छन् । मंगलबार उनीहरूले राजविराजस्थित उक्त कारागारमा रहेका १४ कैदी महिलाहरूलाई यस पर्वको अवसरमा चुरा, टीका, सिन्दुर, पोते, मिठाइ, फलफूल र फ्रुटी वितरण गरेका छन् ।



त्यहाँस्थित कैदी जीवन बिताइरहेका महिलाहरुलाई हरितालिका तिज मूल समारोह समितिले उक्त सामग्री वितरण गर्दै खुशियाली बाँडेका हुन् ।

यस पर्वको अवसरमा मूल समारोह समितिले प्रत्येक वर्षझैं यस वर्ष पनि उक्त सामग्रीहरु वितरण गरिएको समितिको सदस्य पुनम पोखरेलले जानकारी दिइन् ।

कैदी जीवन बिताइरहेका महिलाहरुमा पनि खुशी छाओस् भन्ने उद्देश्यले तिजको अवसरमा मूल समारोह समितिले प्रत्येक वर्ष कारागारमा रहेका कैदी महिलाहरुलाई तिज मनाउन ती सामग्रीहरु वितरण गर्दै आएका छन् । यस वर्ष पनि राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इशरत परविनको प्रमुख आतिथ्यतामा कैदी महिलालाई तिजको अवसरमा उक्त सामग्री वितरण गरिएको हो ।

त्यसक्रममा नगर उपप्रमुख ईशरत परविनले कैदी महिलाहरुलाई मनमा दु:ख नराखी तिज पर्वमा रमाउन आग्रह गरेकी छिन् । उनले तिज पर्व सबै महिलाहरुको साझा पर्व भएकाले खुशीका साथ मनाउनुपर्ने बताइन् । उनले कैदी महिलाहरुलाई छिट्टै कारागार जीवनबाट मुक्त हुने कामना समेत गरिन् ।

हिन्दू महिलाहरुको महान पर्व हरितालिका तिजको सुखद अवसरमा परिवारको सुख, शान्ति र सु-स्वास्थ्यको कामना गर्दै आगामी भदौ २१ गते शुक्रबार राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरको प्राङ्गणमा हुन गइरहेको हरितालिका तिज महोत्सव कार्यक्रममा मूल समारोह समितिका संयोजक मनु खनालले सबैलाई आमन्त्रण गरेकी छिन् । उनका अनुसार समाजमा यसलाई उत्प्रेरणा र सिर्जनशीलताको संस्कृतिका रुपमा बनाउँदै लैजान चाहेको बताइन् । उनले सामाजिक, सांस्कृतिक, शास्त्रीय पक्षको संरक्षण गर्दै मनाउन लागिएको तिज महोत्सवका लागि यथोचित सहयोग, सल्लाह, सुझाव प्राप्त हुने विश्वास व्यक्त गरिन् ।

मुल समारोह समितिले तिज पर्वको ऐतिहासिक महत्वलाई बुझेर धर्म, संस्कार र संस्कृतिको मूल्य, मान्यता र तिनीहरुको मौलिकतालाई लोप हुन नदिन विगत एक दशकभन्दा लामो समयदेखि एकता र संस्कृतिको संरक्षण गर्दै प्रतियोगितात्मक गीत-नृत्यका साथ तिज महोत्सव पर्व मनाउँदै आएका छन् ।

राजविराज नगर उपप्रमुख परविनको प्रमुख आतिथ्यतामा वितरण गरिएको सामग्रीमा नगर कार्यपालिका सदस्य सोनी रजक र मन्जु खड्काको उपस्थिति रहेको थियो । यसैगरी मूल समारोह समितिको संयोजक मनु खनाल,सदस्यहरु अनिता देवकोटा,पुनम पोखरेल,गीता पाण्डे र मौसमी झा लगायतको उपस्थिति रहेको थियो ।

# एमालेका नेताले गराए सभापति देउवाको ध्यानाकर्षण

**काठमाडौं/मस**–नेकपा एमालेका बागमती प्रदेश इन्चार्ज डा.राजन भट्टराई नेतृत्वको टोलीले नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरेको छ।



नदी किनारका जमिन र बस्तीका विषयमा सर्वोच्च अदालतले गरेको फैसला र काठमाडौं महानगर पालिकाका मेयर बालेन शाहले जारी गरेको परिपत्रका सम्बन्धमा ध्यानाकर्षण गराउन डा. भट्टराई नेतृत्वको एमालेको प्रतिनिधिमण्डलले कांग्रेस सभापति देउवालाई बुढानिलकण्ठस्थित निवासमा भेटेको हो।

भेटमा देउवाले सम्मानित अदालतको फैसलाका कारण उत्पन्न समस्याका विषयमा सरकार पुनरावलोकनमा जानपर्ने विषयमा सहमति जनाउँदै कानून मन्त्रीलाई छिटो भन्दा छिटो पुनरावलोकनमा जानका लागि आवश्यक पहल लिन निर्देशन दिए।

भेटमा एमालेका बागमती प्रदेश इन्चार्ज डा. भट्टराई, काठमाडौं जिल्ला इन्चार्ज आनन्द पोखरेल, काठमाडौं जिल्लाका अध्यक्ष दीपक निरौला लगायत पदाधिकारीहरुको सहभागिता थियो।

# हामी नेपाली ग्लोबल सिसेल्सको तिज शुभकामना आदान–प्रदान कार्यक्रम सम्पन्न

**अनिल बानिया/मध्यान्ह**
सिसेल्स, १८ भदौ



नेपाली महिलाहरुको महान पर्व हरितालिका तिजको अवसरमा हामी नेपाली ग्लोबल सिसेल्सले शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ। हामी नेपाली ग्लोबल सिसेल्सका अध्यक्ष दिपेन्द्र कुँवरको सभापतित्वमा आन्से ओइटेलको कम्युनिटी हलमा कार्यक्रम सम्पन्न भएको हो।

आरती गुरुङको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा करिब तीन सय पचास जनाको हाराहारीमा सहभागिता रहेको थियो। रोशनी दाहालले स्वागत मन्तव्य राख्दै हामी नेपाली ग्लोबल सिसेल्सको कार्यक्रमको शुरुवातमा संस्थाका प्रथम उपाध्यक्ष विजय थापा, महासचिव सुरेन्द्र कुँवर तथा तिज विशेष कार्यक्रमका संयोजक हरि तामाङ र सहसंयोजक चोम बलालले उपस्थित सम्पूर्णलाई खादा र मालाले स्वागत गरेका थिए।

हामी नेपाली ग्लोबल सिसेल्सका स्थानीय कलाकार हरुको बेजोड प्रस्तुतिले कार्यक्रमलाई मनोरञ्जनात्मकरुपमा तिजको रौनकता दिलाएको थियो।कार्यक्रममा संस्थाको उद्देश्य र भावी रणनीतिबारे महासचिव सुरेन्द्र कुँवरले प्रकाश पारेका थिए भने संस्थाको समसामयिक विषयहरूमाथि संस्थाका प्रथम उपाध्यक्ष विजय थापाले प्रष्ट पार्दै तिजको शुभकामना व्यक्त गरे। संस्थालाई आर्थिक सहयोग गर्ने सहयोगीदाताद्वय कमल पाण्डे र राजकुमार थापालाई संस्थाले प्रशंसापत्रले सम्मान गरेको थियो। सामाजिक अभियन्ता परमविर शर्मा र सञ्चार गृहमा आबद्ध नेस्सीलाई सम्मान गरिएको थियो। कार्यक्रममा संस्थाका बोर्ड अफ डाइरेक्टर विजय तामाङ र शर्मिला थापाको जन्मदिन तथा तिज विशेषको केक काटेर मनाइएको थियो।

कल्चर संयोजक अनु तामाङले प्रवासमा पनि नेपाली दाजुभाइहरूले दिदीबहिनीहरूका लागि तिज विशेष कार्यक्रम राखेर तिज मनाउने अवसर दिएकोमा धन्यवाद व्यक्त गरिन्। उनले संस्थाको हित र भलो हुने काम गर्दै सबै सिसेल्समा रहेका नेपालीको निमित्त हामी नेपाली ग्लोबल सिसेल्स संस्थामा आबद्ध हुन आग्रह गर्नुका साथै हरितालिका तिजको शुभकामना व्यक्त गरिन्।

कार्यक्रमको सहजीकरण संस्थाका सचिव अइन्द्र विक्रम योङयाले गरेका थिए भने प्रमुख अतिथि आरती गुरुङले नेपालीको एउटा शान र गरिमा बोकेको हामी नेपाली ग्लोबल सिसेल्सको प्रगतिको कामना गर्दै सबैलाई तिजको शुभकामना दिइन्।

कार्यक्रमको समापन गर्दै अध्यक्ष दिपेन्द्र कुँवरले प्रवासमा रहेर व्यस्तताका बाबजुर समय मिलाएर उल्लेखनीय सहभागिता जनाएकोमा सबै उपस्थितलाई धन्यवाद ज्ञापन गरे।

# रुरु क्षेत्रमा तिज गीत प्रतियोगिता सम्पन्न

**गुल्मी/मस**– नेपाली नारीहरुको महान पर्व हरितालिका तिज पर्वको अवसरमा गुल्मीको रुरुक्षेत्र गाउँपालिकाको आयोजनामा खुल्ला तिज गीत प्रतियोगिता सम्पन्न भएको छ। परम्परागत संस्कृतिको जर्गेना गर्दै महिलाहरुको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले गाउँपालिकाले खुल्ला तिज गीत प्रतियोगिता आयोजना गरेको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले जानकारी दिए।



रुरुक्षेत्र गाउँपालिकाको नाच्ने डाँडामा आयोजना गरिएको तिज गीत प्रतियोगितामा श्रीदेवी महिला समुह गुल्मीको समूह प्रथम, समाजसेवी महिला समुह गुल्मी दोश्रो र भड्कुवा भ्यूप्वाइन्ट समुह गुल्मी तेश्रो स्थान हासिल गर्न सफल भएको गाउँपालिकाका अध्यक्ष ज्ञवालीले जानकारी दिए।

प्रतियोगितामा गुल्मीका १४ वटा समूहहरुको सहभागिता रहेको उक्त प्रतियोगितामा मिनामकोट आमा समुहका कलाकार अमृता सारुलाई उत्कृष्ट नृत्य प्रस्तुत गरेकोले उनलाई पुरस्कृत गरिएको गाउँपालिका उपाध्यक्ष मिना गौतमले बताइन्।

प्रतियोगितामा प्रस्तुत गरिएका समसामयिक विषय वस्तु र त्यसको आधामा रहेर प्रस्तुत अभिनयहरुले दर्शकहरुलाई भावुकसँगै रमाइलो बनाएपछि गाउँपालिकाका अध्यक्ष ज्ञवाली, उपाध्यक्ष गौतम प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे सहित जनप्रतिनिधि कर्मचारी छमछमी नाचेका थिए।

प्रतियोगितामा विभिन्न समुहहरुले प्रस्तुत गरेका अधिकांश गीतमा महिला हिंसा, महिला अधिकार, उद्यम, स्थानीय कला, संस्कृति, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटनका साथै गाउँमा किसानले भोग्नु परेका बादर, बनेल जस्ता दुम्सी जस्ता बन्यजन्तुबाट भोग्नु परेका पीडाका कुराहरुसँगै पालिकाले गरेका उत्कृष्ट कामहरुलाई समेत गीतमार्फत प्रस्तुत गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए।

रुरुक्षेत्र गाउँपालिका उपाध्यक्ष मिनादेवी गौतमको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले पछिल्लो समय कला र संस्कृति लोप हुँदै अनावश्यक नयाँ गीतहरु आउन थालेको र पुरानो सस्कृति लोपहुन लागेको भन्दै पुरानो सस्कृतिको जगेर्ना गर्ने गाउँपालिकाको उद्देश्य रहेको बताए।

प्रतियोगितामा प्रथम हुने समुहलाई पन्ध्र हजार, दोश्रो हुने समूह लाई दश हजार र तेश्रो हुन समुहलाई पाँच हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्रसहित पुरस्कृत गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पाण्डेले जानकारी दिए।

तिज गीत प्रतियोगितामा पत्रकार महासंघ गुल्मीका पूर्व अध्यक्ष एवं राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गुल्मीका सल्लाहकार जनार्दन घिमिरे, सहसचिव अनिल खत्री, रन्जित प्रसाद लालचन रुद्रावती मा.वि.की शिक्षिका बिष्णु ज्ञवालीले मूल्यांकनमा सहजीकरण गरेकी थिइन्। कार्यक्रमको सञ्चालन दिपा गैरेले गरेकी थिइन्।

# ‘निजामती सेवा दिवस–२०८१’ अर्घाखाँचीमा भव्यरुपमा मनाइँदै

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ भदौ



कर्मचारी मिलन केन्द्र अर्घाखाँचीले ‘निजामती सेवा दिवस-२०८१’का अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने भएको छ।

कर्मचारी मिलन केन्द्रको आयोजनामा मंगलबार राष्ट्रसेवक कर्मचारीहरुबीच खुल्ला एकल व्याड्मिन्टन प्रतियोगिता उद्घाटन गरी कार्यक्रम शुरुवात गरिएको कर्मचारी मिलन केन्द्रका अध्यक्ष सन्तोष खनालले जानकारी दिए। मिलन केन्द्रको आयोजनामा मंगलबारदेखि भदौ २२ गतेसम्म विभिन्न कार्यक्रम गर्ने तयारी गरिएको छ।

निजामती कर्मचारी दिवसको अवसरमा सन्धिखर्कमा सरसफाइ, दिप प्रज्वलन, ब्याड्मिन्टन प्रतियोगिता, राष्ट्र सेवक जोडि खुल्ला एकल व्याड्मिन्टन प्रतियोगिता, १००० मिटर दौड कार्यालय प्रमुख अधिकृत स्तर कर्मचारी (सुरक्षा निकाय बाहेक) २००० मिटर दौड, रा.प्र.अन.श्रेणी विहीन राष्ट्रसेवक कर्मचारी (सुरक्षा निकाय बाहेक) दौड २००० मिटर राष्ट्रसेवक महिला कर्मचारीको लागि (सुरक्षा निकाय बाहेक)चम्चा दौड, राष्ट्रसेवक महिला कर्मचारी, त्यसैगरी फुटबल प्रतियोगिता राष्ट्रसेवक कर्मचारी २ समूह जनप्रतिनिधिको एक समूहको खेल सम्पन्न गर्ने मिलन केन्द्र अर्घाखाँचीले जनाएको छ। जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाको प्रमुख आतिथ्यतामा शुरु भएको ब्याडमिन्टन प्रतियोगितामा सन्धिखर्क नगरपालिकाका नगप्रमुख कृष्ण प्रसाद श्रेष्ठ, जिल्ला न्यायाधीश शिवलाल पाण्डे, निमित्त प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्य, जिल्ला समन्वय अधिकारी ऋषिराम भुसाल, पूर्वाधार सडक कार्यालयका प्रमुख गोपिराम पुन लगायतको उपस्थिति रहेको थियो। कार्यक्रम मिलन केन्द्रका अध्यक्ष सन्तोष खनालको अध्यक्षतामा भएको कार्यक्रममा सचिव गणेशराज पौडेलले कार्यक्रमको सहजीकरण गरेका थिए।

# ट्राफिक कार्यालय दोलखामा राजस्व संकलनमा कमी




**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १८ भदौ

जिल्ला ट्राफिक कार्यालयमा राजस्व संकलनमा कमी आएको छ। कार्यालयले अत्याधिक भार बोक्दै आएका तथा नियम उलंघन गर्ने साना ठूला सवारीसाधनलाई कारबाही गरे बापतको राजस्व संकलनमा कमि आएको हो।

कार्यालयको तथ्यांक अनुसार गत साउन १६ गते देखि हालसम्म ३ लाख ९७ हजार ५ सय राजस्व संकलन गरेको छ। यो गत महिनाहरुको तुलनामा घटेको छ। जिल्लामा टिभीआरएस प्रणाली सिस्टम लागु गरेसँगै राजस्व संकलनमा कमि आएको कार्यालयले जनाएको छ। कार्यालयको तथ्यांकमा उल्लेख भएअनुसार यो अवधिमा ३ सय ६७ वटा ठूला तथा साना सवारीसाधन कारबाहीमा परेका छन्।

जसमा नियम उल्लघंन गर्नेमा धेरै दुई पांग्रे र चार पांग्रे सवारीसाधन रहेको ट्राफिक प्रमुख ठाकुर प्रसाद भट्टराईले बताए। उनका अनुसार राजस्व संकलन कमि आएसँगै ट्राफिक दुर्घटना न्यूनीकरणमा टेवा पुगेको छ। जसअन्तर्गत यो समयमा एउटा मोटरसाइकल सामान्य दुर्घटनामा परेको तथ्यांकमा देखिन्छ। जिल्लामा ट्राफिक प्रमुख भट्टराईको नेतृत्वमा खटेको ट्राफिक व्यवस्थापनमा भएको कडाइले राजस्व संकलनमा कमी र दुर्घटना न्यूनीकरण हुँदै गएको पाइन्छ।

# सिमलपानीमा नुहाउन गएका दुई जनाको मृत्यु



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ भदौ

अर्घाखाँचीको शितगंगा नगरपालिकामा पर्ने सिमलपानी छहरा झरनामा नुहाउन गएका दुई जनाको मृत्यु भएको छ।

कपिलबस्तु वाणगंगा नगरपालिका-२ निवासी २८ वर्षीय उमेश पौडेल र २३ वर्षीय किशोर रासकोटीको खोलाले बगाएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी प्रतित सिंह राठोरले बताए। अन्य दुई जना भने पौडी खेलेर ज्यान जोगाउन सफल भएका छन्। सोही ठाउँका २० वर्षीय आशिष घिमिरे र ३२ वर्षीय अमृत बेल्बासे भने सकुशल भेटिएका हुन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७२/१०/२१ मा दर्ता भएको **ट्रयू मुन इन्टरनेस्नल ट्राभल एण्ड टुर प्रा. लि. (प्रा.लि. नं. १४४८४९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**Sabhapokhari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Barhabise, Sankhuwasabha**
**Koshi Province, Nepal**

**INVITATION FOR ELECTRONIC BIDS**

**Date of publication: 2081-05-19**

1. ***Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha*** invites electronic bids from eligible bidders for the construction of the following works :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. With Vat) | Bid Security Amount (in Rs.) | Bid document fee (in Rs.) | Last date of bid submission | Bid opening date | Bid validity period | Bid Security validity period |
|---|---|---|---|---|---|---|---|---|
| SPRM/UBS/NCB/03/081/082 | Supply and delivery of different diameter HDPE Pipes (NS 40, PE 100) | 24,99,477.51 | 65,000 | 3,000 | 2081/06/18 before 12:00 hrs | 2081/06/18 at 13 hrs | 90 days | 120 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha, email:-*** savapokharimun@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned above in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Prime Commercial Bank Ltd., Sabhapokhari Branch
   Name of Office : Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha
   Office Code No:- **801010409**
   Antarik Rajaswa Account No.: **06901000000022200177** (for bid document purchase) (Sutra Revenue Module बाट श्रृजित भौचर मार्फत बैंक दाखिला अनिवार्य गर्नु पर्नेछ)
   Rajaswa (Revenue) Sirshak No. :- **14229**
   Dharauti Account No :- **06901000000023100160** (for bid security deposite)
4. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**UAE मा रोजगार**
**MARYAM ABDUL SAMAD TECHNICAL SERVICES** पून: बिज्ञापन
पुर्व स्विकृति मिति: 2081/2/14 चलानी नं. 60220153 LT No.: 305054

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 04 | 0 | 800 | 29249 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०८१ भाद्र २६ गते (11 September 2024) मेनपावर कार्यालयमा हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्च: १०,०००

**INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
Kalanki-13, Ktm. Phone: 01-4958728 LIC.NO. 424/060/061

**बहराइन, कुबेत र साउदीमा रोजगार**

कम्पनी: QUEEN HOUSE GENERAL TRADE
शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८१/०५/१८ चलानी नं.: ६०२२४६८२ LT. No.: 310072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman & Salesgirl | 2 | 2 | स. काममा दक्ष | 150 | ५३,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: SUGAR BEAUTY SALON CO.
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०९/१३ चलानी नं.: ६०२१२३७० LT. No.: 297370 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६५,७६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure & Pedicure | 0 | 5 | | 150 | ६५,७६३ | | | | | | | |
| 3. | Receptionist | 0 | 2 | | 150 | ६५,७६३ | | | | | | | |

कम्पनी: DAMA ADVANCED CONTRACTING COMPANY
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०५/१८ चलानी नं.: ६०२२४६७२ LT. No.: 310062

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 18 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: FAJR AL-JANOUB FOR CONTRACTING
शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०५/१८ चलानी नं.: ६०२२४६९७ LT. No.: 310103

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 10 | 0 | स. काममा दक्ष | 1400 | ४९,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ २६ गते (11 September 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt.Lic.No 1061/073/74
**Guideline Recruitment Service Pvt. Ltd.**
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9823485185 , 9804972521
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१९ भदौ २०८१, बुधबार
4 September 2024, Wednesday

सम्पादकीय

## गर्नै नहुने राजनीति

राजधानी शहर रहेको काठमाडौं महानगरका मेयर बालेन्द्र शाह र सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेका नेता–कार्यकर्ताबीच जुहारी चलिरहेको छ । बालेनका समर्थकहरूले प्रधानमन्त्री केपी शर्मा ओलीको फेसबुक पेजमा अनफलो अभियान चलाएका छन् । मेयर बालेन आफै एमाले नेतृत्वविरूद्ध लगातार फेसबुक स्टाटस लेखिरहेका छन् भने यसको जवाफमा एमाले पंक्ति खडा भएको देखिन्छ । बालेन र एमालेबीच दुईवटा विषयमा दोहोरी चलिरहेको छ– राजधानी उपत्यकाभित्रका नदी किनारका बस्तीको समस्या र एमाले नेतृ रेखा शर्माको घरबाट उद्धार गरिएकी बालिका । शर्माको घरमा एक बालिकालाई श्रम शोषण गरेर राखिएको भन्दै मेयर बालेनले कानुनी कारबाहीको माग फेसबुक मार्फत गरिरहेका छन् । यसको प्रतिवादमा एमाले कार्यकर्ता उत्रिएका छन् ।

उपत्यकाभित्र रहेको नदी किनारका बस्तीप्रतिको समस्यामा त बालेन लगभग एक्लिएका छन् । संसद्, सडकदेखि महानगरकै बैठकमा पनि मेयर बालेनको कदमप्रति आपत्ति जनाइएको छ । उपमेयर सुनिता डंगोलले मेयर बालेनले जारी गरेको सूचनाप्रति प्रश्न उठाएकी छन् । मेयर बालेनले भने सर्वोच्च अदालतको आदेशलाई कारण देखाएका छन् । सर्वोच्चले बातावरण संरक्षण अभियान्ताको रिटमा गत ३ पुसमा खोला किनारबाट ४० मिटर परसम्म कुनै संरचना निर्माण नगर्न ओदश दिएको छ । यसअघि २० मिटरको मापदण्ड थियो । तर न्यायाधीशहरू डा. आनन्दमोहन भट्टराई र विनोद शर्माको इजलासले बागमती, विष्णुमति लगायत नदी किनारमा थप २० मिटरको मापदण्ड कार्यान्वयन गर्न आदेश दियो । यही आदेशलाई लिएर गत २९ साउनमा मेयर बालेनले सूचना जारी गरेका थिए ।

आदेशका पूर्ण पाठ आउनासाथ मेयर बालेनले चालेको कदमप्रति राजनीतिक वृत्त नै तरंगित बनेको देखिन्छ । किनकि नदी किनारबाट ४० मिटरको मापदण्ड पालना सजिलो देखिदैन । यो आदेश कार्यान्वयनको संभाव्यता अध्ययन गर्न सरकारले कार्यदल नै बनाएको छ । तर मेयर बालेनले हतार सूचना जारी गरे, प्रतिवादमा एमाले उत्रियो । अर्थात् बालेन र एमाले बीच दोहोरी चलिरहेको दुवै विषय संवेदनशील हो । संवेदनशील विषयलाई हल्का रूपमा लिइनु हुँदैन । तर एमाले र बालेनको पुरानै निषेधको नीतिका कारण यी विषयहरू गिजोलिने खतरा बढेको छ । सहकार्य, संवेदना र सचेततापूर्वक लिनुपर्ने विषयमा राजनीति भइरहेको आमनागरिकमै सन्देश गइरहेको छ । तर यो कोर्स सच्चिन आवश्यक छ ।

# स्वार्थको ओछ्यानमा सुतेको लोकतन्त्र

*बालुवाटार र बुढानीलकण्ठको लोकतन्त्र टुँडिखेलसम्म निस्केको, 'मार मार हेमार' धम्की खायो उसले । लोकतन्त्र पनि कम थिएन, नेपाली संस्कृति नै भत्केको अनुभव गर्दै गाली गलौज पनि गर्‍यो । संस्कृति आफूले बचाएको अनुभूति गरेको लोकतन्त्रप्रति जनताको अभिरूचि भने निकै कम हुँदै आएको छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

गरिब देशमा लोकतन्त्र स्वार्थको ओछ्यानमा सुतिरहन्छ । धनी देशमा लोकतन्त्र सेवाग्राहीहरूका घर-घरमा पुगेको हुन्छ, दैलो दैलोमा उसको पहुँच हुन्छ । विकासको छनक पनि देखिन्छ, त्यो पनि माटो लुकाउने विकास नभएर दिगो विकास । बङ्गलादेश त्यति गरिब देश होइन तर, त्यहाँको लोकतन्त्रको रूप भर्खरै देखिएको छ भने केही समयअघि लोकतन्त्रको रूप श्रीलंका र अन्य देशहरूमा धेरैपल्ट देखियो । नेपालको लोकतन्त्र केही नेताहरूमा सीमित छ, भूइँ मान्छेको घरमा गएको लोकतन्त्रले झिटीगुन्टा नै उडाएको छ । घर उडेको, बस्ती उडेको यहाँ बाढी र पहिरोले मात्रै होइन, युवा उडेका यहाँको लोकतन्त्रले गर्दा पनि हो । सिंहदरबार गाउँ आयो, सहर पनि गाउँ पस्यो, बस्ती भने पुराना सहरतिर पसेको छ र युवाहरू खाडी पसेका छन् । रोजगारीको अभावले पिँधिएका जनता महँगीको मारमा पिल्सिएका छन् । तीज आयो, दसैं आउँदै छ, तिहार पनि आउला, सडकमा मान्छे पोखिएका छन्, लोकतन्त्रको खबरदारी गर्ने भन्दै ।

शीतल निवासको लोकतन्त्रले हरेक महिना जनतासँग भ्रमण गर्ने भन्दैछ, पंक्ति तयार गरिरहँदा ऊ भक्तपुर जाने भन्दैछ । भक्तपुर जाँदा कमलादीको खाल्टो हेर्दै जय नेपाल हल हुँदै गएको भए नेपालको भूगोलबारे जानकारी हुन्थ्यो, धेरै टाढा गइरहन पर्दैनथ्यो । बनेपासम्म पनि गइसक्नु छैन अहिले र मुग्लिङ हुँदै नारायणगढसम्म लोकतन्त्र आफैं गएर उसै दिन फर्कने सम्भावना कम छ । सतहको बाटोबाट अथवा नारायणगढदेखि बुटवलसम्मको भूगोलमा किन-किन लोकतन्त्र सतहको बाटो प्रयोग गर्नै मान्दैन ।

बालुवाटार र बुढानीलकण्ठको लोकतन्त्र टुँडिखेलसम्म निस्केको, 'मार मार हेमार' धम्की खायो उसले र लोकतन्त्र पनि कम थिएन, नेपाली संस्कृति नै भत्केको अनुभव गर्दै गाली गलौज पनि गर्‍यो । संस्कृति आफूले बचाएको अनुभूति गरेको लोकतन्त्रप्रति जनताको अभिरुचि भने कम हुँदै आएको छ । अघिपछि पनि दिनदिनै युवाहरू कहिले थापाथली, कहिले बानेश्वर त कहिले बालुवाटार घेराउ गर्न पुगेका छन् भने टुँडिखेलमा नारा लाउने पश्चिमाहरू प्रहरी नियन्त्रणमा परेका छन् । संविधानले वाक् स्वतन्त्रता दिए पनि संविधान बनाउनेहरूले यसलाई पचाउन सकेका छैनन् र पूर्वका प्रसाइँले मैले यत्रो सत्तोसराप गरेको छु, मलाई नसमात्ने निमुखाहरूलाई समात्ने, यो कस्तो लोकतन्त्र भन्दै आउने दिनहरूमा लोकतन्त्रको सबै डेटाहरूको पर्दाफास गर्ने र आफू सहिद हुन तयार हुने तर, नछोड्ने भन्दैछन्, उनको लक्ष्य भ्रष्टाचारप्रतिको देखिन्छ ।

